CONSTRUCTION INDUSTRY COUNCIL
建造業議會

# डिमोलिसन वर्कर (बिल्डिङ) स्किल्ड ट्रेड टेस्ट नमुना प्राक्टिकल प्रश्नपत्र

此文件關於拆卸工（建築物）工藝測試考題。如有需要索取此文件的中文版本，請致電 2100 9000 與香港建造業工藝測試中心聯絡。
This document related to mock test paper of skilled trade test for Demolition Worker (Building). Should you require an English version of this document, please contact Hong Kong Construction Industry Trade Testing Centre at 2100 9000.

## डिस्क्लेमर

*CIC को लिखित अनुमतिबिना यस सामग्रीको कुनै पनि भागलाई कुनै पनि रूपमा वा कुनै पनि माध्यमबाट पुनरुत्पादन वा प्रसारित गर्न नपाइसक्छ। यस सामग्रीमा रहेका जानकारीले सत्यता सुनिश्चित गर्न उचित प्रयासहरू गरिएतापनि CIC ले पाठकहरूलाई सम्भव भएसम्म पेशासँग सम्बन्धित सल्लाहकारहरूसँग उपयुक्त स्वतन्त्र सल्लाह खोज्न प्रोत्साहन गर्छ र पाठकहरूले कुनै पनि सम्बद्ध कामहरू गर्दा यस सामग्रीलाई उक्त पेशासम्बन्धी सल्लाहको विकल्पको रूपमा लिनु वा निर्भर पर्नुहुँदैन।*

## सोधपुछहरू

यस सामग्रीको सम्बन्धमा भएका सोधपुछहरू हङकङ कन्स्ट्रक्सन इन्डस्ट्री ट्रेड टेस्टिङ सेन्टर (Hong Kong Construction Industry Trade Testing Centre) लाई निम्न ठेगानामा सोध्न सकिन्छ:


| | |
|---|---|
| 95, Yue Kwong Road | ९५ यु कोङ्ग रोड |
| Aberdeen | एबरडीन |
| Hong Kong | होंगकोङ्ग |

फोन नम्बर : (852) 2100 9000
फ्याक्स नम्बर : (852) 2100 9090
इमेल : enquiry@cic.hk
वेबसाइट : www.cic.hk


©२०२० कन्स्ट्रक्सन इन्डस्ट्रि काउन्सिल

# ट्रेड टेस्ट पेपर

ट्रेड : डिमोलिसन वर्कर (बिल्डिङ) (Demolition Worker (Building)) स्किल

लेभल : स्किल्ड वर्कर (Skilled Worker)

प्रश्न :

1. परीक्षार्थीले आफै न्युमेटिक ब्रेकर (pneumatic breaker), एअर कम्प्रेसर (air compressor) तथा अक्सि-एसिटिलीन (oxy-acetylene) औजारहरू इत्यादिलाई जोड्नुपर्छ र शप ड्रइंग 1 अनुसार निम्न आइटमहरू पूरा गर्नुपर्छ; (30 अङ्क)

   (i) सिमुलेटेड कन्क्रिट स्ल्याबमा 300 x 300 mm को प्वाल पार्ने;\
   (ii) सिमुलेटेड वालमा कन्क्रिटको सानो भागलाई भत्काउने;
   (iii) बारहरूलाई काट्नका लागि अक्सि-एसिटिलीन वेल्डिङ औजारलाई प्रयोग गर्ने ।
   (iv) औजारहरूलाई प्याक गर्ने र तोकिएको स्थानमा फिर्ता ल्याएर राख्ने र साइटलाई सफा गर्ने।

2. शप ड्रइंग 2 हेर्नुहोस् र ब्रिक वालको एउटा भागलाई भत्काउनुहोस् । कामहरूमा निम्न पर्दछन्: (30 अङ्क)

   (i) अस्थायी सपोर्टिङ मेटल फ्रेम इरेक्ट (खडा) गर्ने;
   (ii) उपयुक्त वर्किङ प्लेटफर्मलाई निरीक्षण गर्ने र इरेक्ट गर्ने;
   (iii) यो पूरा भएपछि, वर्किङ प्लेटफर्म र अस्थायी सपोर्ट मेटल फ्रेमलाई भत्काउने, तिनीहरूलाई सुरुमा ल्याएको ठाउँमा फिर्ता गर्ने र साइटलाई सफा गर्ने ।

3. शप ड्रइंग 3 हेर्नुहोस् र कन्क्रिट वालको एउटा भागलाई ढाल्नका लागि नियन्त्रित पुल डाउन विधिलाई अनुकरण गर्नुहोस् र यसमा निम्न पर्दछन्: (15 अङ्क)

   (i) अन-साइट अवस्थाहरू अनुसार उपयुक्त लिफ्टिङ अपारटस, विन्च तथा वायर जडान (इन्स्टल) गर्ने, कन्क्रिट वालको एउटा भागलाई नियन्त्रित रूपमा ढाल्ने अनुरूप गर्ने;
   (ii) यी सबै गरिसकेपछि, सिस्टमलाई खोलखाल गर्ने र तिनीहरूलाई सुरुमा ल्याएको ठाउँमा फिर्ता गर्ने र साइटलाई सफा गर्ने ।

4. भत्काइन पर्ने अन-साइट सिमुलेटेड बिल्डिङ स्तरकी (शप ड्रइंग 4) हेर्नुहोस्, उपयुक्त भत्काउने प्रक्रियाहरू, सुरक्षा उपायहरू, अस्थायी सबलीकरण र सम्बन्धित व्यवस्थापनलाई टिपोट गर्नुहोस्, जसमा निम्न पर्दछन्: (25 अङ्क)

(i) होइस्ट अपरेटरसँग सञ्चार गर्नका लागि अनुरोध गरे अनुसार सामान्य हाते सङ्केतहरू देखाउने;

(ii) बाँकी पब्लिक युटिलिटीहरूलाई निरीक्षण गर्ने, उपयुक्त उपचार तथा चरणहरूलाई टिपोट गर्ने;

(iii) कम्पोनेन्टहरू बनावट र स्ट्रक्चरको अवस्थालाई टिपोट गर्ने ।;

(iv) बिल्डिङलाई भत्काउनका लागि र सुरक्षा उपायहरूको तैयारीलाई टिपोट गर्ने ।;

(v) सही भत्काउने प्रक्रियालाई टिपोट गर्ने ।

परीक्षाको समय अवधि: 6 घण्टा (खाना खाने समय बाहेक)

ध्यान दिनुपर्ने कुराहरू:

(1) काम सुरु गर्नुभन्दा अगावै, परीक्षार्थीहरूले परिशिष्टमा भएको "परीक्षार्थीहरूले ध्यानदिनुपर्नकुराहरू" लाई ध्यानपूर्वक पढ्न आवश्यक हुन्छ;

(2) परीक्षार्थीले परीक्षा अवधिभर सुरक्षा सावधानीहरू अबलम्बन गरेनन्/गरिनन् भने उनलाई परीक्षामा अनुत्तीर्ण भएको मानिनेछ; र

(3) प्रश्नपत्रमा 8 वटा पृष्ठ छन् । परीक्षाका सबै आइटमहरूको पूर्णाङ्क (फुल मार्क) 100 हो र 60 वा सोभन्दा माथिको अङ्क ल्याएमा उत्तीर्ण भएको मानिनेछ ।

## डिमोलिसन वर्कर (बिल्डिङ) शप ड्रइंग 1

### सिमुलेटेड कन्क्रिट फ्लोरलाई भत्काउनका लागि न्युमेटिक ड्रिल (pneumatic drill) चलाउनुहोस्

300x300 mm प्वाललाई भत्काउनुहोस्




सिमुलेटेड कन्क्रिट वाललाई भत्काउनका लागि न्युमेटिक ड्रिल चलाउनुहोस्

करिब 100 mm चौडाइको कन्क्रिटलाई भत्काउनहोस




### बारहरूलाई काट्नका लागि अक्सि-एसिटिलीन वेल्डिङ औजारलाई चलाउनुहोस्

रिब 50 mm भन्दा तलका 3 वटा प्रकारका बारहरूलाई काट्नका लागि अक्सि-एसिटिलीन वेल्डिङ औजारलाई प्रयोग गर्नुहोस्।




ड्रइंग अनुपात अनुसार छैन
नापहरू mm मा छन्

# डिमोलिसन वर्कर (बिल्डिङ) शप ड्र्इंग 2




ड्र्इंग अनुपात अनुसार छैन
नापहरू mm मा छन्

# डिमोलिसन वर्कर (बिल्डिङ) शप ड्इंग 3

नियन्त्रित पुल डाउन बिधि अपनाउनुहोस्, भत्काइनुपर्ने कन्क्रिट वाललाई ढाल्ने अनुरूप गर्नुहोस्




सुरक्षाका लागि सुरक्षित वर्किङ लोडसहित रिगिङको दुईवटा ग्रुपहरू, चेन बक्स तथा उपकरण र वाललाई झार्नका लागि केबल प्रयोग गर्नुहोस्, कन्क्रिट वाललाई ढाल्ने अनुरूप गर्नुहोस्।

ड्इंग अनुपात अनुसार छैन
नापहरू mm मा छन्।

## डिमोलिसन वर्कर (बिल्डिङ) शप ड्रइंग 4




योजना




ड्रइंग अनुपात अनुसार छैन
नापहरू mm मा छन्

उचाई

परीक्षार्थीले ध्यान दिनुपर्ने कुराहरू:

1. परीक्षार्थीहरूले प्रश्नपत्रहरू ध्यान दिएर पढ्नुपर्छ र नबुझेको कुराहरू परीक्षकसँग सोध्न सक्छन् ।

2. प्रश्नपत्रमा यदि कुनै ड्रइंग तथा स्पेसिफिकेसनहरू दिइएका छन् भने परीक्षार्थीहरूले परीक्षा सुरु हुनुभन्दा अगावै तिनीहरूलाई ध्यान दिएर पढ्नुपर्छ ।

3. परीक्षार्थीहरूले दिइएका प्रश्नपत्र, ड्रइंग तथा स्पेसिफिकेसनहरू अनुसार परीक्षा दिनुपर्छ ।

4. परीक्षार्थीहरूले परीक्षामा आउँदा सुरक्षा जुत्ता आफैले लिएर आउनुपर्नेछ । अन्य चाहिने सुरक्षा सामाग्रीहरू भने ट्रेड टेस्टिङ सेन्टरबाट नै उपलब्ध हुनेछ । परीक्षार्थीहरूले कार्यस्थल सुरक्षाको सुनिश्चितता गर्न सबै सुरक्षा सावधानीहरूलाई अनिवार्य पालना गर्नुपर्छ ।

5. परीक्षामा चाहिने सबै औजार तथा सामाग्रीहरू ट्रेड टेस्टिङ सेन्टरबाट नै उपलब्ध हुनेछ र उपलब्ध गरिएका औजार तथा सामाग्रीहरूको पर्याप्तता तथा गुणस्तर चेकजाँच भने परीक्षार्थीहरू आफैले गर्नुपर्नेछ । परीक्षार्थीहरूले सबै औजार तथा सामाग्रीहरू ट्रेड प्राक्टिस अनुसार सही तरिकाले प्रयोग गर्नुपर्नेछ । परीक्षार्थीहरूले परीक्षापछि सबै औजारहरू ट्रेड टेस्टिङ सेन्टरलाई अनिवार्य फिर्ता गर्नुपर्छ । यदि कुनै समस्या भएमा परीक्षार्थीहरूले परीक्षकसँग सोध्न र बुझ्न सक्छन् ।

6. परीक्षार्थीहरूले परीक्षामा र सम्बन्धित कामहरू गर्न प्रयोगका लागि दिइएका औजार तथा सामाग्रीहरूलाई सम्हालेर चलाउन तथा सार्न आवश्यक हुन्छ ।

7. परीक्षा भइरहेको बेलामा परीक्षकले रेकर्डको लागि समय-समयमा फोटो खिचेर राख्नुहुनेछ ।

8. परीक्षार्थीहरूलाई क्यामेरा वा मोबाइल फोनहरूबाट कुनै पनि फोटो वा भिडियो खिच्न अनुमति हुँदैन ।

9. आकस्मिक अवस्थामा बाहेक परीक्षार्थीहरूलाई ट्रेड टेस्टको समय अवधिभर आफ्नो मोबाइल फोन प्रयोग गर्न अनुमति हुँदैन ।

10. तल लेखिएका मापदण्डहरूमा आधारित रहेर मार्किङ (नम्बर दिने) गरिन्छ:

a) ड्रइंग तथा स्पेसिफिकेसनको सही बुझाइ
b) परीक्षाभन्दा पहिला सबै चाहिने तयारी
c) कार्यहरूको (काम गर्ने) प्रक्रियाहरू
d) कार्यहरूको स्पष्टता तथा गुणस्तर
e) कार्यहरूको प्रगति
f) सामग्रीहरूलाई सही ढङ्गले चलाउने तथा प्रयोग गर्ने
g) औजार तथा उपकरणहरूलाई सही ढङ्गले प्रयोग गर्ने
h) सुरक्षा सावधानीहरूको पालना
i) अरु ट्रेडहरूको बारेमा विचार पुऱ्याउने
j) परीक्षा सकिएपछि समानहरूलाई मिलाउने र सरसफाइ

11. समय सकिने बित्तिकै सबै परीक्षार्थीहरूले परीक्षालाई अनिवार्य रोक्नुपर्छ।

12. परीक्षा सकिएपछि परीक्षार्थीहरूले प्रश्नपत्र अनिवार्य रूपमा परीक्षकलाई बुझाउनुपर्छ।

13. परीक्षकलाई घुस दिने प्रस्ताव गर्नु कानूनी अपराध हो र त्यस्तो केसहरूलाई ट्रेड टेस्टिङ सेन्टरले आइ.सी.ए.सी. (ICAC) मा रिपोर्ट गर्नेछ।

**यदि परीक्षार्थीले कुनै पनि आवश्यक सुरक्षा सावधानीहरू पालना गर्न नसकेको र/वा कुनै डरलाग्दो स्थितिहरूमा काम गरेको खण्डमा उनी फेल भएको मानिनेछ।**